बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

# बागवानी विकास केन्द्र

पाँचखाल, काभ्रेपलाञ्चोक, नेपाल ।

# सूचना !!! सूचना !!! सूचना !!!

सूचना नं. SCDC/FRUITS/080-81/SQ-02

## विषय:– ताजा आँप फल विक्री कार्यको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८०/१२/३०

यस बागवानी विकास केन्द्र, पाँचखाल, काभ्रेपलाञ्चोकको बगैंचा परिसरमा चालु आ.ब. २०८०/८१ मा फलेको ताजा आँप फल बिक्री वितरण गरी राजश्व बुझाउने कामको लागि निम्न शर्तको अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१) ईच्छुक व्यक्ति, फर्म तथा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०१/१४ गते कार्यालय समयभित्र रु.१०००।–(फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फारम खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिदको लागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा फर्म/संस्थाको हकमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र स्थाई लेखा नम्वर दर्ता प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न गरि रु. १० (दश) को टिकट टाँस गरि निवेदन पेश गर्नु पर्नेछ।

२) खरिद भएको दरभाउपत्र रीतपूर्वक प्रष्टसँग भरी दरभाउपत्र दाताले प्रत्येक पानामा सही छाप गरी खाममा राखी सिलबन्दी गरी खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना र कामको विवरण लेखी प्रथम प्रटक प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र सोही दिनको १:०० बजे उपस्थित दरभाउपत्र दाताहरु तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिनेछ। दरभाउपत्र खोल्दा दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) केन्द्रबाट उपलब्ध गराइएको दरभाउपत्रमा उल्लेखित न्यूनतम विक्री मूल्यमा नघटाई सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

४) दरभाउपत्र साथ धरौटी वापत कवोल गरेको अंकको न्यूनतम पाँच प्रतिशतले हुन आउने जमानत वापतको धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखामा **Pradesh ko Le. Ni. Ka. Dhulikhel** प्रदेश धरौटी खाता नं. १०४०१००२०२०३०००० (रकम जम्मा गर्ने कार्यालय बागवानी विकास केन्द्र, पाँचखाल कार्यालयको कोड नं ३१२०१२६०१३) खातामा जम्मा गरेको सक्कल दोश्रो प्रति भौंचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटीको सट्टा नेपाल सरकारबाट ईजाजत प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा ६ महिना म्याद भएको बैंक जमानत पनि पेश गर्न सकिने छ। नेपाली नागरिकको हकमा नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपले पेश गर्नु पर्ने छ। फर्म/संस्थाको हकमा दर्ता प्रमाणपत्र, २०७९/८० को कर चुक्ता प्रमाणपत्र र स्थाई लेखा नम्वर दर्ता प्रमाणपत्रका प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ।

५) दरभाउपत्र शर्त रहित, केरमेट नभएको, केन्द्रले उपलब्ध गराएको फारममा कुनै पनि थप घट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरीत भएको दरभाउपत्र माथि कारवाही हुने छैन।

६) दरभाउपत्र खरीद गर्दा वा दर्ता गर्दा दरभाउपत्र दाताले यस केन्द्रमा सम्पर्क राखी स्थलगत रुपमा आँप बगैचा हेरी राम्रो संग बुझि दरभाउपत्र फारम खरीद गरिएको वा दर्ता गरिएको मानिनेछ।

७) दरभाउपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८) दरभाउपत्र भर्दा आफूले कवोल गरेको रकम स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिईनेछ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा निहीत हुनेछ।

१०) दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले सात दिन भित्र आफुले कवोल गरेको अंकको ५० (पचास) प्रतिशत रकम राजश्व जम्मा गरि सम्झौता गर्न आउनु पर्नेछ। समयमै सम्झौता गर्न नआएमा धरौटी जफत गरी आवश्यक कार्वाही अगाडी बढाईने छ।

११) ठेकेदारले सम्झौता गरी सकेपछि ताजा आँप फल टिप्नु अगावै ५० (पचास) प्रतिशत बाँकी किस्ता बुझाउनु पर्नेछ।

१२) दरभाउपत्र स्वीकृत भई कार्यादेश दिई सकेपछि बगैंचाको सुरक्षाको आवश्यक व्यवस्था ठेकेदार स्वयंले मिलाउनु पर्नेछ। नियमानुसार लाग्ने करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

१३) फल टिप्ने क्रममा आँपको बोट विरुवाहरुमा तथा अन्य बोटविरुवाहरुमा कुनै किसिमको हानी नोक्सानी गर्न पाईने छैन। हानी नोक्सानी हुन गएमा केन्द्रले गरेको मुल्यौकन बमोजिमको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नु पर्ने छ। फल संरक्षणको लागि विषादी वा रसायनहरु प्रयोग गर्दा यस केन्द्रको पूर्व स्वीकृति लिएर मात्र प्रयोग गर्नु पर्नेछ।

१४) दरभाउपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस केन्द्रमा सम्पर्क राख्न सकिनेछ वा कार्यालय समय भित्र फोन नं: ०११-४९९०५५, ९८५११८४६०० मा सम्पर्क गरी आवश्यक सुचना लिन सकिनेछ।

१५) यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ एवं अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

फल बिक्री ठेक्का कार्यको विवरण

| क्र. स. | कामको विवरण | सिलबन्दी दरभाउपत्र नं. | न्यूनतम बिक्री मुल्य रु |
|---|---|---|---|
| १ | ताजा आँप फल बिक्री | SCDC/FRUITS/080-81/SQ-02 | ३८९८१२) ५०/अक्षरुपी तीन लाख उनानब्बे हजार आठ सय वाह रुपैया पचास पैसा मात्र( |

प्रमुख